आज मिति २०८० फाल्गुन ३ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको ४५ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

**तपसिल :**

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष वडा नं. ५
श्री सन्त बहादुर डांगी, का वा वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री धन बहादुर कामी, का.वा.वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री राम बहादुर डांगी, का वा वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगी कर्मचारिहरु :**

श्री कृष्ण प्रसाद शर्मा, अधिकृत छैटौं, प्रशासन शाखा
श्री कुल बहादुर खड्का, प्रशासन शाखा
श्री बीर बहादुर चुनारा, कार्यालय सहयोगी

| क.रा. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा । |
| २. | विभिन्न कानून तथा कार्यविधि निर्माण तथा संशोधन सम्वन्धमा । |
| ३. | योजना संशोधन सम्वन्धमा । |
| ४. | नगरसभा सम्वन्धमा । |
| ५. | विविध सम्वन्धमा । |

## मिति २०८०।११।०३ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. १ :** सुरक्षित नागरिक आवास कार्यक्रम सम्वन्धमा ।

**निर्णय नं. १ :** आव २०८०।०८१ को संघीय सशर्त तर्फको स्वीकृत बजेट अन्तर्गत सुरक्षित नागरिक आवास कार्यक्रमका लागि लाभग्राही छनौट गर्न सबै वडा कार्यालयवाट सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०७५ को अनुसूची १ बमोजिम उल्लेख भएअनुसारका खरको छाना भएका घरहरुको छानाको पहिचान गरि ७ सात दिनभित्रमा तथ्यांक संकलन गरि नगरपालिकामा पेश गर्न लगाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. २ :** विभिन्न कानून तथा कार्यविधि निर्माण तथा संशोधन सम्वन्धमा ।

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकाको विधायन समितिवाट पारित भई स्वीकृतिका लागि यस बैठकमा पेश हुनआएका तपिशलबमोजिमका कानून तथा कार्यविधिहरु माथि छलफल गरि पारित गरियो साथै विधेयकहरु स्वीकृतीका लागि नगरसभामा पेश गर्ने र स्वीकृत कार्यबिधिहरु स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

पारित भएका कानून तथा कार्यबिधिहरु

१. एकीकृत सम्पतिकर ब्यबस्थापन कार्यबिधि २०७५ लाई प्रतिस्थापन गर्न बनेको सम्पत्तिकर तथा भूमिकर व्यवस्थापन कार्यविधि, २०८०

२. भेरीगंगा नगरपालिका नगर योजना आयोग (गठन तथा संचालन) विधेयक, २०८०

३. भेरीगंगा नगरपालिकाको संस्था दर्ता विधेयक, २०८०

४. रोजगार सम्वाद मन्च सन्चालन कार्यविधि २०८०

५. करारमा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधी २०७५, पहिलो संशोधन, २०८०

६. भेरीगंगा नगरपालिकाको लक्षित बर्ग सशक्तिकरण कार्यविधि, २०८०

७. भेरीगंगा नगरपालिकाको वन संरक्षण ऐन, २०८०

प्रस्ताव नं. ३ : योजना संशोधन सम्वन्धमा ।

निर्णय नं. ३ : भेरीगंगा नगरपालिकाको वडा नं २ र १२ को वडा समितिवाट निर्णय भई संशोधनका लागि प्राप्त भएका तपशिलबमोजिमका योजना तथा कार्यक्रम संशोधन गर्ने र अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपशिल

| क्र.सं. | वडा नं. | साविकमा भएका योजनाको नाम | रकम रु | संशोधन पछि हुने योजनाको नाम | रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २ | कुसुमगैरा सिंचाई डयाम | २००००० | आल्डाँडा सुख्खा डयाम तथा पाईप खरिद | २००००० | |
| २ | १२ | जेष्ठ नागरिक सम्मान तथा कार्यक्रम | १००००० | देउती बज्यै मन्दीर पछाडिको अधुरो सडक निर्माण | १००००० | |
| ३ | १२ | टोल विकास संस्थालाई सचेतना कार्यक्रम | १००००० | छिन्चुखोला पक्की पुलदेखि छविलालको जग्गा हुँदै खोला जाने बाटो नाली निर्माण | १००००० | |
| ४ | १२ | गर्भवती तथा सुत्केरी महिलालाई पोषण सम्वन्धी कार्यक्रम | १००००० | मसिना खेल मैदान | ५०००० | |
| | | | | हिक्मतवलीको घरदेखी पदमा वलीको घरसम्म नाली निर्माण | ५०००० | |

प्रस्ताव नं. ४ : नगरसभा सम्वन्धमा ।

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको हिउँदे नगरसभा सम्वन्धमा आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ५ : विविध सम्वन्धमा ।

निर्णय नं. ५ (क): यस भेरीगंगा नगरपालिकाको दलित सशक्तिकरण ऐन निर्माण गर्ने र सोका लागि तपशिल वमोजिमको विधेयक मस्यौदा समिति गठन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १ | संयोजक | श्री सहविर महर |
| २ | सदस्य | श्री कर्णवहादुर मिजार |
| ३ | सदस्य | शेरबहादुर कामी |

निर्णय नं. ५ (ख): यस भेरीगंगा नगरपालिका वडा नं ८ निवासी नगरकार्यपालिका सदस्य श्री ओविसरा बस्यालका पुजनिय बुवा श्री तुल्से गैरापिप्लीको ७० बर्षको उमेरमा मिति २०८०।१०।०१ गते वेलुका करिव ६:०० बजे भएको असमायिक निधनप्रति गहिरो सोक ब्यक्त गर्दै मृत आत्माप्रति चिरशान्तिको कामना गरी सोक प्रस्ताब पारित गरियो ।

निर्णय नं. ५ (ग): यस भेरीगंगा नगरपालिका वडा नं १ का पूर्व वडाध्यक्ष स्व: श्री नवराज कार्कीको सम्झनामा गठन भएको नवराज स्मृती प्रतिष्ठानका लागि भेरीगंगा नगरपालिकाको उपयुक्त स्थानमा आवश्यक जग्गा ब्यबस्थापन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५ (घ): यस भेरीगंगा नगरपालिकाको संगठन तथा ब्यबस्थापन सर्भेक्षण (Organization and Management Survey) यथाशीघ्र गरी कर्मचारी ब्यबस्थापन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं. ५ (ङ): अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतको मिति २०८०।११।०१ को पत्र संख्याः स्थानीय/भेरीगंगा/२०८०/०८१, चलानी नं SKT-8081-42773 को आवश्यक कारवाही गरी सोको जानकारी उपलब्ध गराईदिने विषयको पत्र तथा जिल्ला प्रशासन कार्यालय सुर्खेतको मिति २०८०।११।०३ को पत्र संख्याः ०८०/०८१ (स्था.प्र), चलानी नं ४५३८ को पत्रबमोजिम जिल्ला सुर्खेत भेरीगंगा नगरपालिका वडा नं १२ स्थित सार्वजनिक जग्गामा बस्ने भवि सुनारले पालिंका नजिकै रहेको ७ रोपनी सार्वजनिक जग्गा कब्जा गरी बेचबिखन गरेको सरकारी जग्गा सरकारकै स्वामित्वमा फिर्ता गर्न आदेश गरेकोमा हाल आएर समेत सो सरकारी जग्गा रहेका घरटहराहरु समेत नहटाईएको भन्ने उजुरीको सम्वन्धमा राय परामर्श गर्नका लागि भेरीगंगा नगरपालिका भित्रका राजनितिक दलहरुको सर्वदलीय वैठक बोलाईने निर्णय सर्वसम्मतिले पारित गरियो ।